म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१५ अङ्क:- ३२ २०८० पुस ४ गते बुधबार 20 December 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७

QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

# अर्थमन्त्रीलाई माउवासंघको ज्ञापनपत्र



*अर्थमन्त्री डा. महतलाई ज्ञापन पत्र बुझाउनुहुँदै मउवा संघका अध्यक्ष गुप्ता ।*

समाज संवाददाता

हेटौंडाः नेपाल सरकारका अर्थमन्त्री डा. प्रकाशशरण महतलाई मकवानपुर उद्योग वाणिज्य संघले १६ बुँदे माग राख्दै ज्ञापनपत्र बुझाएको छ । मंगलबार नेपाली कांग्रेस मकवानपुरको जिल्ला सम्मेलनमा सहभागी हुन हेटौंडा आइपुग्नुभएका अर्थमन्त्री डा. महतलाई माउवासंघका अध्यक्ष कृष्ण कुमार गुप्ताले ज्ञापनपत्र बुझाउनु भएको हो ।

कोभिड महामारी, रुस-युक्रेन युद्ध, सार्वजनिक ऋणको आकार बढ्दै जानु, औद्योगिकीकरण र लगानीको वातावरणको अभाव कायम रहनु, वैदेशिक आयात व्यापारको बृद्धि हुँदै जानु, सरकार परिवर्तनसँगै सार्वजनिक नीतिहरुको परिवर्तन भइरहनुले आम नागरिक/उद्योगी/व्यवसायीहरुको मनोवल उच्च नहुने बताउँदै देशको आर्थिक संकट समाधानका लागि सरकारले तत्काल कदम चल्नुपर्ने भन्दै माउवासंघले विभिन्न मागसहित ज्ञापनपत्र बुझाएको छ ।

वर्तमान अवस्थामा लगानी निरुत्साहित भएकोले सरकारले एक अंकको व्याजदर कायम राख्ने राष्ट्रिय नीतिको तर्जुमा गर्नुपर्ने, औद्योगिक नगरी हेटौंडाको दोश्रो तथा वहुप्रतिक्षित विस्तारित औद्योगिक क्षेत्र मयुरधाप औद्योगिक क्षेत्रको पूर्वाधार निर्माणको कार्य चाँडो सम्पन्न गरी थप उद्योगहरुको स्थापनाको कार्य चालु आर्थिक वर्ष २०८०-८१ भित्र सम्पन्न गर्नुपर्ने, उद्योगमा नेपाल सरकारले न्यूनतम पारिश्रमिक निर्धारण गर्ने र उद्योगको आन्तरिक सिबिएमार्फत मजदुरले गर्ने दोहोरो मागदाबीलाई एकद्वार प्रणालीमा जानुपर्ने संघले माग गरेको छ ।

यस्तै क्रसर व्यवसायहरु बिगत केही वर्षदेखि नवीकरण नभएकोले यथाशिघ्र नवीकरण गरी संचालन कार्यमा सहजीकरण गर्नुपर्ने, तेश्रो मुलुकबाट आयात हुने कच्चा पदार्थहरुका ढुवानीलाई पुनः कलकत्ता नै पुऱ्याउनु पर्ने भएकाले उद्योगीहरुले ठूलो धनराशी खर्च गर्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै नेपालस्थित सुख्खा बन्दरगाहमा नै फिर्ता हुनु पर्ने, स्थापना भएका क्रसरजन्य उद्योगहरु कच्चा पदार्थको अभावमा तथा विभिन्न वहानामा विभिन्न निकायबाट बन्द हुने र खुल्ने अनिश्चितताका अन्त्य गर्दै स्थायीरुपमा सुचारु गर्नुपर्ने माग मउवासंघले राखेको छ ।

यस्तै, उद्योगले लिजमा लिएको सरकारी जग्गामा आफूले बनाउने संरचनाहरुमा वित्तीय सुविधा दिन सम्बन्धित बैंकहरुलाई निर्देशन गर्न केन्द्रीय बैंक तथा उद्योग मन्त्रालयसँग पहल गर्ने काम तुरुन्त प्रारम्भ हुनुपर्ने, हेटौंडाको राप्ती खोलाबाट पश्चिमतर्फ अवस्थित उद्योगहरु संचालनमा बाधा परेको हुँदा सो एरियामा अलग्गै औद्योगिक फिडर कायम गर्नुपर्ने, उद्योगले प्रयोग गर्ने विद्युत लाइनमा जडित क्षमताको आधारमा लिइने डिमाण्ड शुल्क हटाउने र युनिट शुल्कमात्र लिने व्यवस्था गर्नुपर्ने, बदलिँदो आर्थिक परिवेश अनुसार नव-प्रवर्तन एवम् नव-उद्यमलाई प्रोत्साहन, प्रबर्द्धन एवम् व्यवस्थापन गर्न नेपाल सरकारले मकवानपुर उद्योग वाणिज्य संघको पनि सहभागितामा बाग्मती प्रदेश स्तरिय व्यापार इन्क्युबेशन केन्द्रको स्थापनाको लागि पहलको गर्नुपर्ने संघको माग छ ।

वित्तीय संस्थाबाट ऋण लिँदा लगभग शून्य जोखिम भएका अनावश्यक शिर्षकहरु अन्तर्गत पनि बीमा गर्नुपर्ने अनिवार्यताले ऋणको लागत वृद्धि भएको, राष्ट्रिय राजमार्ग बिस्तार गर्दा बिस्थापित हुने घरधनीलाई उचित क्षतिपूर्ति र मुआब्जा तथा व्यवसायीहरुलाई वैकल्पिक योजना मार्फत सम्बोधन गर्नुपर्ने, हेटौंडामै नापतौल कार्यालय स्थापना गर्नुपर्ने र प्रदेशस्तरीय स्वास्थ्य विज्ञान कलेज तथा विश्वविद्यालय स्थापना गर्नुपर्ने माग पनि संघले राखेको छ ।

अर्थमन्त्री महतलाई ज्ञापनपत्र बुझाउने कार्यक्रममा बागमती प्रदेश सभा सदस्य एवम् नेपाली काँग्रेस बागमती प्रदेश समिति सभापति ईन्द्रबहादुर बानियाँ, नेपाली काँग्रेस मकवानपुरका सभापति बुद्ध लामा, मकवानपुर उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष कृष्ण कटुवालको पनि उपस्थिति रहेको थियो ।

# सरकारको नीतिले अर्थतन्त्रमा सुधार आएको छः अर्थमन्त्री डा.महत



*कांग्रेस मकवानपुरको सम्मेलनमा बोल्नुहुँदै अर्थमन्त्री डा. प्रकाशशरण महत ।*

समाज संवाददाता

हेटौंडाः संघीय सरकारका अर्थमन्त्री डा. प्रकाशशरण महतले सरकारले लिएको नीतिले देशको अर्थतन्त्रमा सुधार आएको बताउनुभएको छ । मंगलबार हेटौंडामा आयोजित एक कार्यक्रमका बीच मन्त्री महतले अर्थतन्त्रमा देखिएको समस्या घट्दै गएको र देशको आर्थिक स्थिति सुधार हुँदै गएको बताउनुभयो ।


कोरोना महामारीका कारण बैंकहरुले व्याजदर घटाएर ऋण प्रवाह बढाउँदा आर्थिक संकट निम्तिएको बताउँदै मन्त्री महतले उक्त पूँजी घरजग्गा कारोबार, सेयर बजारमा बढी खर्च भएको उल्लेख गर्नुभयो । "खर्च गर्ने ठाउँ नभएको अवस्थामा पूँजी प्रवाह बढी भएको थियो । जसले गर्दा अर्थतन्त्रमा समस्या देखियो", उहाँले भन्नुभयो, 'अहिले समस्या समाधानतर्फ गइरहेको छ । अहिले निकै सुधार भएको छ ।' सरकारले गरेको पहलका कारण हाल सेयर बजारको कारोबार बढ्दो क्रममा रहेको र घरजग्गा कारोबार पनि उकालो लाग्ने चरणमा रहेको उहाँको भनाई छ ।

अर्थतन्त्रमा आएको समस्याका कारण उद्योगी, व्यापारीहरुमा परेको समस्या समाधानका लागि राष्ट्र बैंकसँगको छलफलमा व्याजदार घटाउने पहल सरकारले गरेको र उक्त पहलबाट हाल बैंकहरुले व्याजदर घटाउने क्रममा रहेको उहाँले बताउनुभयो । बैंकहरुको ब्याजदर घटाउने र पुराना ऋणीहरुको सहजताका लागि चैतसम्मको समयसीमा दिएर ऋण भुक्तानीको व्यवस्था मिलाउन सरकारले राष्ट्र बैंक मार्फत् निर्देशन दिएको मन्त्री महतको भनाई छ । मौद्रिक नीतिले पनि उक्त समस्याहरुको समाधानका लागि केही प्रयासहरु गरेको जोडदिँदै व्यवसायीहरुले पुरानै शैलीको लगानी प्रवृत्ति त्यागेर नयाँ क्षेत्रको खोजीमा केन्द्रित हुन सुझाव दिनुभयो । सरकारको मात्र प्रयासमा समस्या समाधान नहुने भएकाले निजी क्षेत्रको समेत सहयोग आवश्यक रहेको उहाँको भनाई छ । उद्योगी व्यवसायीको समस्यालाई सरकारले गम्भीरतापूर्वक लिएको बताउँदै सरकारले बजेट खर्च बढाउनेतर्फ आफ्ना गतिविधि केन्द्रित गरेको उहाँले बताउनुभयो ।

ENTRANCE EXAMINATION
FOR THE ADMISSION TO:

MBS Master of Business Studies

ENTRANCE EXAM APPLICATION FORM DEADLINE
POUSH 06, 2080



Hetauda School of Management and Social Sciences

"कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np

ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

# मकवानपुर क्याम्पसलाई विश्वविद्यालय बनाउन कार्यदल गठन

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले प्रदेश राजधानी हेटौंडामा सार्वजनिक विश्वविद्यालय स्थापनाका लागि प्रक्रिया अघि बढाउने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले हेटौंडाको मकवानपुर बहुमुखी क्याम्पसलाई प्रदेशको सार्वजनिक विश्वविद्यालय बनाउने गरी प्रदेश सरकार अघि बढेको प्रदेशका श्रम रोजगार तथा यातायातमन्त्री लक्ष्मण लम्सालले जानकारी दिनुभयो ।

मन्त्री लम्सालका अनुसार प्रदेश उच्च शिक्षा परिषद्को निर्णयका आधरमा प्रदेश उच्च शिक्षा नियमावली २०७९ को नियम १० (२) बमोजिम सो कार्यका लागि हेटौंडामा नै सार्वजनिक विश्वविद्यालय स्थापनाका लागि कार्यदल गठन गर्ने निर्णय भएको बताउनुभयो । उक्त निर्णय अनुसार कार्यदलमा सदस्यहरु छनौट भई विश्वविद्यालयका लागि आवश्यक क्षेत्र पहिचान गरी ऐनको मापदण्डअनुसार अध्ययन गरी प्रतिवेदन तयार पारिने उहाँको भनाइ छ । सो




प्रतिवेदन मन्त्रिपरिषद् बैठकमा पेश गरी स्वीकृत भएपश्चात् विश्वविद्यालय स्थापनाको प्रक्रिया अघि बढ्ने मन्त्री लम्सालले बताउनुभयो ।

यसअघि बागमती प्रदेशमा प्रदेश विश्वविद्यालय स्थापना गर्न प्रदेश सरकारलाई प्रदेश उच्च शिक्षा परिषद् समितिले प्रस्ताव गरेको थियो । परिषद्को प्रस्तावपछि मकवानपुर बहुमुखी क्याम्पसलाई विश्वविद्यालय बनाउने विषयमा विभिन्न पक्षसँग छलफल भइसकेको छ । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी मकवानपुर बहुमुखी क्याम्पसले स्नातक तहमा विज्ञान, वाणिज्य, मानविकी र शिक्षाशास्त्रमा पठनपाठन गरिरहेको छ भने स्नात्तकोत्तर तहमा वाणिज्य, मानविकी र शिक्षाशास्त्र संकायमा पठनपाठन गरिरहेको छ ।

मन्त्रिपरिषद् बैठकले बागमती प्रदेश सरकारले २ मन्त्रालयको संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) स्वीकृत गरेको छ । बैठकले २ मन्त्रालयको (ओएनएम) कर्मचारी दरबन्दी तेरिज स्वीकृत गरेको हो । मन्त्रिपरिषद् बैठकले स्वास्थ्य मन्त्रालय र उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको कर्मचारी दरबन्दी तेरिज स्वीकृत गरेको हो । यस्तै, बैठकले बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाअन्तर्गत् रहेका विभिन्न प्रहरी इकाइ भवन निर्माणका लागि २६ करोड ५५ लाख २९ हजार रुपैयाँ भुक्तानी गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरेको छ । यसअघिको मन्त्रिपरिषद् बैठकले निर्णय गरी १० औं तहबाट ११ औं तहमा बढुवा गरिएका कर्मचारीहरुको पदस्थापन आन्तरिक छलफलबाट संशोधन गर्ने निर्णय भएको मन्त्री लम्सालले बताउनुभयो ।

# यो श्रद्धा सुमन



✍ जनार्दन खनाल

श्रीलीला नाथ लाम्छाने बुबा नब्बेऔं वर्षमा
प्रस्थान गर्नु भएको कठै वैकुण्ठ धाममा
उहाँको जन्म भएको पनि श्री सिन्धु पाल्चोक
जिल्लामा पर्ने सुरम्य थलो छ हेर्न लायक ॥

अरुनि गए मपनि जान्छु वस्दिन पहाड
मनमा सोची वसाईं सर्ने गर्नुभो अठोट
योमक वान पुरमा राम्रो मकान चुलीछ
किसानी कर्म गर्नको लागी उर्वर भुमिछ ॥

नजीकै पर्छ शहर पनि हेटौंडा वजार
शैक्षिक साथै आर्थिक क्षेत्र हुनेछ सुधार
सोचेर यही श्रद्धेय बुवा यतैनै झर्नुभो
सन्तान हरु पाल्नको लागी परिश्रम् गर्नुभो ॥

छोरा र छोरी हुर्कदै गए गरेर पठन
सवैको पनि देखिन्छ राम्रो सबल जिवन
सन्तानहरु भएका जति जिल्लामै अवल
शैक्षिक क्षेत्र यो राजनीति हरुमा दखल ॥

सुपुत्र हरु श्रीशिव अनि श्रीमिन प्रसाद
कान्छोमा पर्नु भएको अहो प्रल्हाद साँसद
सुपुत्री यौटी जन्मनु भयो लालन पालन
गरेर सुखै वितेको थियो बूढ्यौली जीवन ॥

बुहारी छोरा हरुको सेवा अभाव थिएन
ओखती मूलो गरीयो तर त्यसले छोएन
जन्मीए पछी मर्नुनै पर्ने सृष्टिको विधान
कालको कुनै औषधी छैन जीउन दिएन ॥

शोकमा मात्रै बसीयो भने संसार चल्दैन
पुर्खाको माया कहिल्यै पनि विर्सनु हुँदैन
अपुरो भए बुवाको इच्छा पूर्णता गर्दिनु
कर्तव्य हाम्रो अवस्य यो है! भनेर संझिनू ॥

आत्माले शान्ति अवस्य पाओस् तड्पिनु नपरोस्
विचित्र मय संसार भित्र जन्मन नपरोस्
भौतिक देह रहेन अव केवल संझना
निर्वृत्त हामी शिक्षक वाट यो श्रद्धा सुमन ॥

# बाबा



✍ समीर अन्सारी

जीवनमा सफलता पाउन चाहिन्छ बुवाको साथ
सानो छँदा सिकाउनु हिँड्न समाएर हात ।।

संसारको हरेक खुशी पाउन गर्दैछु मिहिनेत
बुबाको परिश्रम देखेर रुँदैछु दिन र रात ।।

गर्नेछु तपाईको हरेक सपनाको पूर्ति
राम्रो काम गरेर बनाउने छु तपाईको मूर्ति

मलाई भगवानको माथि विश्वास लाग्दैन
किन हो आजभोलि हजुरको साथ पाइँदैन


गर्नेछु सबैलाई आश्चर्य चकित गरी राम्रो काम
मेरो कामले गर्दा बढ्दछ तपाईको शान

बुबा नै हुन् जन्मदाता, बुबा नै हुन् संसार
छोराको सफलतामा लुकेको हुन्छ बुबाको परिश्रम

बिर्सिन्छ सबै दु:ख जब पाइन्छ बुबाको काख
सफल जीवन बाँच्न चाहिन्छ बुबाको साथ ।।

*कक्षा-१०, भुटनदेवी मावि, हेटौंडा-४*

# बुबा आमा



✍ नागार्जुन सापकोटा

संसारका ठूला भगवान मेरो आमाबुबा
भविष्यमा बन्नु छ हजुरहरुको साहारा
जन्म दिने आमा भने
पालि दिने बुबा

यो संसार देखाउने उहाँहरु भगवान
जहिले गर्छु उहाँलाई माया र सम्मान
आफ्नो खुसी मारी मारी
मेरो खुसी ल्याउने

आमाबुबा तपाई मेरो संसार
भविष्यमा गर्छु तपाईको सपना साकार

*कक्षा-६, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# देशको पीडा



✍ विकाश बानियाँ

सिङ्गो देशको पीडा के थाहा प्रदेशलाई
सुदूरपश्चिमको पीडा के थाहा मधेशलाई,

मेरो ज्यानको बाजी थाप्न सक्छु म
तर सक्दिन स्विकार्न देश बेच्ने आदेशलाई,

मेरो संस्कृति मेरो गौरव मेरो पहिचान
त्यागिदिन्छु बरू विदेशी सभ्यता र भेषलाई,

जाँदिन विदेशी भूमिमा रगत बेच्न
सङ्घर्ष गरी देशमै फुलाउँछु मेरो केशलाई,

जोगाउन सकिन त्यो विशाल नेपाल
तर जोगाउँछु बाकी बसेको जमिनको शेषलाई ।

*कक्षा-१२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा-४*

# पानी



✍ रचित कर्ण

प्रकृतिको वरदान
जीव पाउँछ ठूलादेखि साना ।
कति जीव पानीमा बस्छन्
जन्मिन्छन् त्यहिँ र त्यहिँ मर्छन् ।

जन्मिन्छन् पानी मुनी
हाँसी खेली बिताउँछन् आफ्नो जुनी
माछा हो पानीको रानी
बाहिर निकाल्नु हुँदैन नानी ।

बाहिर निकाल्दा डर लाग्छ
पानीमा हाल्दा भाग्दछ ।
पानीले बचाउँछ जिवन
पानी बिना दु:खी हुन्छ मन ।

रचित कर्ण

# जीत तपाईंको




✍ समीक्षा यादव

**लेखक: शिव खेडा**

**मूल्य: १०५०/- (एक हजार पचास)**

**कुल अध्याय (११)**



(पुस्तक समीक्षा)

पुस्तक लेखकका परिचय शिव खेडाको जन्म १८६१ अगस्ट २३ मा भएको थियो । उनी एक भारतीय लेखक भएपनि उनका पुस्तक प्राय: विभिन्न भाषामा प्रकाशित छन् । उनको पुस्तकहरुमा सबैभन्दा बढी मानिसहरूले मन पराएका पुस्तक जित तपाईंको हो । उनले हिन्दी साहित्यमा मात्र नभई विश्व साहित्यमा पनि ठुलो योगदान दिएका छन् । अन्य कृतिहरू: व्यक्तित्व विकासका वैज्ञानिक सूत्र, यु क्यान एचिभ मोर, फ्रिडम इज नट फ्रि, आदि ।

"सफलताको शिखर चुम्ने व्यक्तिहरू कुनै बेग्लै काम गर्दैनन्, उनीहरू हरेक कामलाई बेग्लै ढङ्गले गर्दछन् ।" लेखक शिव खेडाद्वारा लेखिएको यो पुस्तक अन्तर्राष्ट्रियस्तरकै सबैभन्दा बढी बिक्री भएको पुस्तक हो । यस पुस्तकमा एघार अध्याय छन् र प्रत्येक अध्यायले जीवनको गुणस्तर बढाउन र सफल व्यक्तित्व निर्माणमा महत्वपूर्ण भूमिका खेल्छ । यस पुस्तकले सफलताको सपनालाई साकार गर्ने विधि बताउँछ । यस पुस्तकको प्रथम अध्यायमा दृष्टिकोणको महत्वको बारेमा व्याख्या उपयुक्त उदाहरणका साथ गरिएको छ । यस अध्यायले मानिस आफू खुसी रहन दृष्टिकोण र सोचाइको ठूलो भूमिका हुन्छ भन्ने कुरा प्रष्ट गरेको छ । ज्ञान र असल दृष्टिकोण सफल जीवन निर्माणको प्रथम चरण हो ।

यसैगरी यसको दोस्रो अध्यायमा कसरी मानिसले आफूमा सकारात्मक दृष्टिकोण निर्माण गर्न सक्छन् भन्ने विधिको बारेमा छलफल गरिएको छ । मानिसले दृष्टिकोणमा वातावरण, अनुभव र शिक्षाले ठुलो भूमिका निर्वाह गर्छ । यदि कुनै मानिसमा यी तीनवटै क्षेत्रमा असल गुण र सकारात्मकता हुन्छ भने त्यो मानिसमा आफैं सकारात्मक दृष्टिकोणको निर्माण हुन्छ । सकारात्मक दृष्टिकोणको विकास गर्न अनुशासन, धैर्य र असल विचारले पनि मद्दत गर्छ ।

अध्याय तीनमा "सफलता के हो ?" भन्ने कुरा प्रष्ट पारिएको छ । यस अध्याय अनुसार सफलताको असल अर्थ कुनै मूल्यवान लक्ष्य प्राप्तिका लागि गरिने निरन्तर प्रयास हो । मानिस जीवनमा सफल हुन विभिन्न व्यक्तिको सफलताको पछाडिको रहस्य जान्नुपर्छ । सधैं आफ्नो काम निरन्तर र लगनशीलताका साथ प्रगति र सफलता खोज्नुपर्छ । यसको अध्याय चारमा निकै राम्रा कुरा प्रस्तुत गरिएको छ । सायद यी कुरा आजका पिढीले राम्ररी अनुभव र बुझ्न सके सफलता कुनै गाहो शीर्षक रहँदैन । यस पुस्तकका लेखकले नै भन्छन्, "हाम्रो छनोट नै हाम्रो सफलता हो ।" यदि हामीले राम्रो कुराको छनोट गर्छौं भने राम्रै प्रतिफल पाउँछौं नभए अवश्य पनि यसको विपरीत हुन्छ । यस अध्यायमा हामीलाई सफल हुनबाट केले रोक्छ भन्ने प्रश्नको उत्तर छलफल गरिएको छ ।

अध्यायअनुसार आलस्य, चुनौतिबाट डराउने, निरन्तर प्रयासको कमि आदिले नै मानिसलाई सफल हुनबाट रोक्छ । पुस्तकमा यस्ता विभिन्न कारणको विस्तृत छलफल पनि गरिएको छ । यसको अध्याय पाँचमा प्रेरणाको अर्थलाई प्रष्ट्याइएको छ । प्रेरणा भनेको जे पनि हुन सक्छ, जसलाई हेरेर, सुनेर वा महसुस गरेर आदि हामीमा केही गर्ने चाहना र नयाँ ऊर्जा उत्पन्न हुन्छ, त्यो नै प्रेरणा हो । प्रेरणाबाट सफलता सहजै पाउन सकिन्छ । यसअर्थ प्रेरणाले सफल जीवन निर्माणमा महत्वपूर्ण योगदान दिन्छ । यसको छैठौं अध्यायमा स्वाभिमानको विषयमा चर्चा गरिएको छ । लेखकले भन्छन्, "यदि कुनै मानिसमा आफूप्रति उच्च सम्मान र आत्मविश्वास छ भने, त्यो नै त्यसको स्वाभिमान हो र यस्तो स्वाभिमानबाट मानिस आफैं उत्प्रेरित हुन्छन् र उन्नति पथमा लम्किन्छन् ।


अध्याय सातमा आपसी सीप, र मेलमिलापको महत्वको बारेमा वर्णन गरिएको छ । आपसी मेलमिलाप र सिपबाट समाज शान्त हुन्छ र र शान्त ठाउँमा सकारात्मकता बढी हुन्छ र सफलताका लागि सकारात्मक विचार महत्वपूर्ण हुन्छन् । त्यसैले यस्ता व्यवहार विकास गर्नु पनि सफलताको लक्ष्य नजिकै पुग्नु हो ।" यसैगरी अध्याय आठ, नौं, दश र एघारमा सकारात्मक व्यक्तित्व निर्माणका पच्चीस पाइलाहरुको समेटिएको छ । क्रमश: भिन्न विधिका बारेमा विस्तारपूर्वक वर्णन गरिएको छ । नौं मा हामीले हाम्रो दैनिक जीवनमा गर्ने कार्यले नै हामीलाई कि सफल बनाउँछ कि असफल बनाउँछ । यस अर्थ हामीले आफ्नो बानी परिवर्तन गर्नुपर्छ, चेतनशील बन्नुपर्छ अनि मात्र सफल जीवनको आनन्द पाउन सकिन्छ ।

अध्याय दशअनुसार सफलताका लागि सबैभन्दा महत्वपूर्ण र नभई नहुने कुरा भनेको लक्ष्य निर्धारण हो । यदि मानिसले उपयुक्त समयमा आफ्नो लक्ष्य निर्धारण गर्न सके, उसले आफ्नो लक्ष्यका लागि बढी भन्दा बढी समय दिन सक्छ र उसको निरन्तर प्रयासले नै उसलाई विजयको पुरस्कारमा सफलता पाउँछ । यस पुस्तकको अन्तिम अर्थात् अध्याय एघारमा नैतिक मूल्य र दूरदर्शिताका बारेमा निकै सप्रमित ढङ्गले व्याख्या गरिएको छ । अध्यायमा मानिस आफू सफल बन्न सर्वप्रथम आफ्नो आचरण एवम् व्यवहारलाई सुधारमा ल्याउनुपर्छ, आफ्नो मन, मष्तिस्कमा केवल सकारात्मक कुरा राख्नु र सोच्नुपर्छ र दुरदर्शी जस्तो सोच एवम् विचारको विकास मानिसले आफूमा गर्न सके सफलता पनि आफैं निक्लेर आउँछ । पुस्तकको सम्पूर्ण अध्याय अनुरूप यदि मानिसले आफूलाई परिवर्तन गर्न सके उसका लागि सफलता पाउनु भनेको ठुलो चुनौति रहँदैन । यस पुस्तकमा हरेक कुरालाई सहजतापूर्वक व्याख्या, विस्तार गरी जीवनको स्तर सुधार्न पूर्णप्रयास गरिएको छ ।

निश्कर्ष: अत: मानिसले आफूलाई सफल बनाउन, सर्वप्रथम आफ्नो दृाष्टिकोणलाई परिवर्तन गर्नुपर्छ र त्यसपछि उसले आफूमा सकारात्मक र सामाजिक व्यवहारको विकास गर्नुपर्छ, आफ्नो कार्यमा केन्द्रित हुनुपर्छ तथा आफ्नो उद्देश्य प्राप्त नगरेसम्म निरन्तर प्रयास गर्नुपर्छ । मानिस आफूमा भएको कमजोरी र नकारात्मक सोच पहिचान तथा महसुस गरी सकारात्मक विचार एवम् शिक्षित जीवनशैली अपनाउनुपर्छ अनि मात्र जीवनमा केही गर्न सकिन्छ अर्थात् सफलताको शिखर चुम्न सकिन्छ ।

*कक्षा-८, जीएस निकेतन, हेटौंडा-५*

# आमा



✍ निर्जला अधिकारी

नौ महिना कोखमा राख्यौ
अनि जीवनभर मनमा सम्हाल्यौ
मेरो साने मुस्कान देखेर
आफ्नो पीडा आँसुमा पगाल्यौ

एकदिन मैले के हात समातेको थिएँ
जीवनभर मलाई तिमीले समात्यौ
हरेक पल दु:ख दिएँ मैले तर
मेरो खुसीको सपना तिमीले संगाल्यौ

आफु भोको हुँदा नि सँधै पहिले मलाई खुवायौ
मलाई सधै हाँस्न सिकाएर
तिमीले दु:खको आँसु भुलायौ

आमा त्यो खेलौना भन्दा
साथै ल्याएर दियौ
आफु एक वर्ष पुरानो साडी
मलाई नयाँ लुगा किन्थ्यौ

समय कठिन भएकी मलाई पर राख्यौ
हर पापबाट
अर्को जुनी पनि जन्मिन पाम
तिम्रै काखबाट ।

*कक्षा-६, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# बाबा



✍ आयुषी केसरी

बाबा, हात समाउँदै हिँड्न
मलाई हजुरले नै सिकाउनुभयो,
मेरो खुसीका लागि पसिनाको धारा पनि
हजुरले नै बगाउनुभयो ।

कस्तो हुन्छ संसार भनी
हजुरले नै बताउनुभयो,
मेरो हात समाई पृथ्वीमा
पहिलो पाईला टेकाउनु भयो ।

आफु जति दु:खी भएपनि
मलाई हँसाउनुहुन्छ,
बाबा हजुरनै मेरो सबै
सुख दु:खमा साथ दिनुहुन्छ ।

बाबा भन्ने शब्द नै निर्मल
जल जस्तो पवित्र,
बाबा हजुरको नै चित्र
छ मेरो मुटु भित्र ।

*कक्षा-६, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# आमा



**कृष्ण कुमार साह**

नौ नौ महिना कोखमा राखी जन्म दियौ आमा
हुर्कायौ बढायौ अनि हिँड्न सिकायौ आमा ।

ताते ताते भनी मिठो तोते बोली बोल्न सिकायौ आमा
आफू भोकभोकै बसी आफ्नो छाती चुस्न खटायौ आमा ।

यो संसार के हो भन्ने तिमीले नै चिनायौ आमा
जीवनको सुन्दर बाटो तिमीले नै देखायौ आमा ।

कोखाइ कोखाइ भनी खाना खुवायौ आमा
कोखबाट निकालेर यो धर्ती टेक्न लगायौ आमा ।

एक्लै एक्लै रुँदा तिमीले सधैं फुलायौ आमा
एक्लै भए जस्तो हुँदा मेरो हात समायौ आमा ।

तिमीसँग हुँदा सधैं संसार पाए झैं लाग्छ आमा
मेरो दुःख पीडाहरु तिमीसँग हुँदा हराउँछ आमा ।

मेरो अन्धकार जीवन उज्यालो बनायौ आमा
विधाताको सृष्टिलाई बचायौ आमा ।

ढुक्क हुनु जिन्दगीभर तिम्रो सहारा बन्छु आमा
रोकिनन म कहिले पनि बाटो आफैं बनाउँछु आमा ।

उज्यालो अनुहार तिम्रो सधैं हेर्न पाउँ
अर्को जुनी पनि तिम्रै कोखबाट जन्मिन पाउँ ।

जिन्दगी बन्यौ आमा तिमीले खाएको गाँस गाँसमा
सिर्जनाकी मूल हुन् आमा सृष्टिको इतिहासमा ।

धर्तीमै छ सबै चिज खोजे मिल्छन् घरी घरी
तर जन्म दिने आमा पाइदैन कसै गरी ।

*कक्षा-७ श्रमिक मावि, हेटौंडा-४, कर्रा*

# आमा-बुवा



**जस्मिन श्रेष्ठ**

साह्रै मिठो शब्द छ आमा-बुवा
साह्रै मिठो यसको अर्थ पनि
यही शब्दको उच्चारण गर्न
सबै रमाउँछन्

सबैले भन्छन् मेरो बुवा-आमा छन् राम्रो
आफ्नो छोरा, छोरीलाई राम्रो बोल्न सिकाउने
कहिल्यै गलत बाटो हिँडाउने छैन
खुल्ला आकाशमा
मन खोली उड्न सिकाउने

घरमा जानासाथ आमा भनेर बोलाउँदा
खुशीको आँशु बगेको देखेको छु मैले
म सानो बिमारले पनि थलिएको हुँदा
बुवाको आँशु बगेको देखेको छु मैले

तिमीले देखेको छौ
आमाको यस्तो न्यायो ममता
बुवाको ठूलो त्याग
आफ्नो जीवनमा

जन्म हामीलाई आमाले दिए पनि
कर्म बुवाले दिनुहुन्छ ।।

*कक्षा-८, जीएस निकेतन, हेटौंडा-५*

# मेरो जन्मदाता



**खुसी सापकोटा**

जन्म दिने आमा, कर्म दिने बुवा
सधैंभरि साथ दिन्छु गर्ने हजुरको सेवा
पढाई लेखाई पूरा गरी स्वदेशमै बस्छु
देश र परिवारको नाम राख्न कम्मर कस्छु नै ।।

काम गर्दै अघि बढ्छु देशकै लागि लड्छु
यहि देशमा सेवा गर्ने वाचा बन्धन गर्छु
मेरो पनि कर्तव्य है आफ्नो देशप्रति
काम गरेर अघि बढी नबनौं है अल्छी

जोस, जाँगर हिम्मतले भए भरिपूर्ण
सारा जगत हाँसे अब मान्दि नि दिक्क
धर्तीमै छ सबै चिज सबले चिन्ने गर
आमाबुवा देशलाई सबले सम्मान गर ।।

*कक्षा-५, कमाने एकेडेमी हटौंडा–८*

# सेवा नै धर्म हो



**विभूति न्यौपाने**

सेवाभाव नरहे,
मानवता हराउँछ,
हत्या, हिंसा गर्नेसँग
सारा संसार डराउँछ ।।

सामाजिक प्राणी हामी
सेवा हाम्रो दायित्व
वरिपरि हरियाली
त्याउनु छ स्थायित्व ।।

बाँच्नु ठूलो कुरा होइन,
बचाउनु महान् हो,
दरिद्रलाई सहयोग गर्नु
मानवको शान हो ।।

भोकोलाई भोजन देऊ
पूण्य तिमी कमाउँछौ,
नगरे रै पूजापाठ
आनन्दले रमाउँछौ ।।

बाइबल, गीता, कुरानको
गरे जति भक्ति,
नपाइने रहेछ
सेवा गर्दाको शक्ति ।।

भनिन्छ, सेवा गरे मेवा मिल्छ,
त्यसैले महत्व देऊ सेवालाई
पालना गर मानवीय धर्मलाई
अनि पाउँछौ सार्थकता तिमीले,

यदि सुखी छौ भने,
आज सहयोगी हौ किनभने,
बाँच्न सिकेको हुन्छ जसले
बचाउन जानेको हुन्छ उसले ।।

*कक्षा-८, जीएस निकेतन, हेटौंडा-५*

# हाम्रो देश



**शान्ति ब्लोन**

मेरो देश भन्छ
कहिल्यै नहोस् नास
जिन्दगीमा अघि बढी
देशको जिन्दगीलाई भोट दिनुपर्छ ॥

समय रटेर गर्ने गर
समयले पनि साथ दिन्छ
हाँसी खुशी देशको इज्जतलाई
संसारको बलियो राजमार्ग बनाउनु पर्छ ॥

देशमा रम्नु पर्छ
देशमा काम गर्नुपर्छ
सुख शान्ति भनेको यस्तै रहेछ
देशको सिमाना मेट्न होइन
दुनियाँका लागि अघि बढि झुक्नुपर्छ ।

माया सबैलाई गर
प्रेम सबैलाई गर
दुनियाँको अघि दुःख भए पनि
सुखको पात्रो भएर झुक्नुपर्छ ॥

हाँस्न सबैलाई देऊ
रुन सबैलाई
यो देशमा अरु के छ
हाँस्न र रुन बाहेक, जिउनु र बाँच्नु
यसरी नै हो देशलाई कहिल्यै झुक्न नदेऊ ॥

देशलाई सिंगार्न जान
देशलाई हिलो पोत्न होइन
देशको कदर गर्ने गर,
जीवनमा देशको ठूलो महत्व रहेको छ ॥

मानिसलाई देश चाहिन्छ
मानिसलाई खुशी
जीवनको बाटो लामो छ हाम्रो
देशलाई कदर गरी अघि बढाउनु छ ॥

हामी त बीच बाटो मै हुर्केको मान्छे
जीवनमा देशको साथमा जिउनुपर्छ
भन्ने बुझौं ॥

प्रेम देशलाई देऊ
अत्याचार आफ्नो पैताला मुनि देऊ
आफ्नो पैतालामा ति अत्याचारलाई
ढुकी ढुकी फुकी देऊ ॥

*कक्षा-१०, अमर मावि, हेटौंडा-१*

# "सपना"



**रोसिका भट्टराई**

सपना नै हो मेरो साथी
देख्छ मैले उसलाई घरी घरी
निदाउँछु त ऊ नै आउँछे
सम्झिन्छु त ऊ नै आकी हुन्छे ॥

विपनाभन्दा सपना राम्रो लाग्ने
सपनालाई नै अंगालु जस्तो हुने
कहिले काहिँ रिस पनि उठ्छ
कहिले त माया पनि जागेर आउँछ ॥

सपना, तिमी यस्तो पात्र हौ कि
मैले बिर्सिन पनि सक्दिन
मलाई कति राम्रो लाग्छ तिमी
मैले बयान गरेर पनि भ्याउँदिन ॥


*कक्षा-७, अमर मावि, हेटौंडा-१*

# चित्रकला






**अग्रिम खड्का**
**कक्षा-९, सिद्धार्थ शिशु सदन**



**सरुना स्याङ्तान**
**कक्षा-४, निर्मल मावि, हेटौंडा-११**





**विकास स्याङ्तान**
**कक्षा-७, श्रमिक मावि, हेटौंडा-४**





**सिद्धार्थ लामिछाने**
**कक्षा-६, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२**

# सी डिभिजन लिग फागुनमा हुने

समाज संवाददाता

हेटौंडा: शहीद स्मारक सी डिभिजन लिग फुटबल प्रतियोगिता फागुनमा सञ्चालन हुने भएको छ। अखिल नेपाल फुटबल संघ (एन्फा)को सोमबार बसेको कार्यसमितिको छैटौं बैठकले आगामी फागुन १५ गतेबाट सी डिभिजन लिग गर्ने निर्णय गरेको हो।

बैठकले ए र बी डिभिजन लिग, महिला लिग, जिल्ला लिगलगायत अन्य प्रतियोगिता सञ्चालनका लागि सम्बन्धित निकायहरुसँग छलफल गरी समय तोक्न सचिवालयलाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरेको छ। एन्फा अध्यक्ष पंकजविक्रम नेम्वाङको अध्यक्षतामा बसेको बैठकले आर्थिक वर्ष २०७९/०८० को लेखापरीक्षणका लागि लेखापरीक्षक ताक्ने निर्णय गरेको छ। बैठकको निर्णय सार्वजनिक गर्दै एन्फाको विशेष साधारणसभा आगामी माघ ८ गते र नियमित साधारणसभा फागुन १४ गते काठमाडौंमा गर्ने निर्णय भएको जनाइएको छ।

राष्ट्रिय लिगका लागि छनौट भएका मनकामना युवा क्लब (रौतहट), त्रिवेणी युवा क्लब (लमजुङ), धम्बोजी स्पोर्टस् क्लब (बाँके), स्टार सिटी युवा क्लब (कैलाली)लाई यस वर्षदेखि सम्बन्धित जिल्लाबाट जिल्ला लिगमा सहभागी गराउन पत्राचार गर्ने निर्णय बैठकले गरेको छ। विश्वकप छनोटलगायत विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरु आयोजना गर्दा प्रतियोगिता तयारी समितिले गरेको निर्णयलाई बैठकले अनुमोदन गरेको बताइएको छ।

आगामी दिनमा अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्दा निःशुल्क पास वितरण नगर्ने र टिकट बिक्रीबाट उठेको रकमको २० प्रतिशत प्रतियोगितामा सहभागी खेलाडीलाई प्रदान गर्ने निर्णय भएको छ। दक्षिण एसियाली फुटबल महासंघ (साफ) ले आयोजना गर्ने विभिन्न उमेर समूहको महिला तथा पुरुष प्रतियोगितामा भाग लिने तथा साफ यु-१९ र यु-१६ महिला प्रतियोगिता र महिला साफ च्याम्पियनसिप नेपालमा आयोजना गर्न दावी पेश गर्ने निर्णय गरेको जनाइएको छ। सन् २०२४ बाट साफले आयोजना गर्ने साफ क्लब च्याम्पियनसिपमा शहीद स्मारक ए डिभिजन लिग विजेता क्लबलाई सहभागी गरिने निर्णय भएको छ।

बैठकले एन्फाको विभिन्न उपसमितिहरु गठन तथा पुनर्गठन गरेको छ। एन्फाको कार्यसम्पादनमा आवश्यक कर्मचारी थपघट गर्ने र नेपाली राष्ट्रिय फुटबल टोलीको मुख्य प्रशिक्षकको कार्यकाल ३ महिना १५ दिन थप गर्नेसमेत बैठकमा निर्णय भएको छ। एन्फाको प्रमुख कार्यकारी अधिकृतमा निवर्तमान महासचिव इन्द्रमान तुलाधर र सहायक कोषाध्यक्षमा प्रविणकुमार यादवलाई नियुक्त गर्ने निर्णय भएको जनाइएको छ। ब्लड क्यान्सरबाट पीडित एन्फा प्रशिक्षक प्रकाश अर्याललाई तीन लाख रुपैयाँ आर्थिक सहयोग गर्नेसमेत बैठकले निर्णय गरेको छ।

# नवजात शिशुको शव फेला

समाज संवाददाता

हेटौंडा: काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका-५ मा नवजात शिशुको शव फेला परेको छ। सोमबार साँझ ६ बजेको समयमा नगरपालिका-५, स्थित नयाँ तरकारी बजार पछाडि रहेको चौउरमा अन्दाजी ३ दिनको जस्तो देखिने नवजात बालकको शव फेला परेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

नवजात शिशुको शव रातो कपडाले बेरिएको अवस्थामा फेला परेको थियो। मुचुल्का पश्चात शिशुको शव पोटमार्टमका लागि धुलिखेल अस्पताल लगिएको र आवश्यक अनुसन्धान भइरहेको छ।

# २ सय ७४ जनाद्वारा रक्तदान



फाईल तस्वीर

समाज संवाददाता

हेटौंडा: मंसिर महिनामा भएको विभिन्न रक्तदान कार्यक्रममा २ सय ७४ जनाले रक्तदान गरेका छन्। रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रम तथा केन्द्रमै पुगेका रक्तदाताबाट २ सय ७४ युनिट रगत संकलन भएको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो।

सापकोटाका अनुसार विभिन्न संघसंस्थाले आयोजना गरेको रक्तदान कार्यक्रमबाट २ सय ५९ जनाको रगत संकलन भएको थियो भने १५ जनाले केन्द्रमै पुगेर रक्तदान गरेका थिए। एक महिनामा १० वटा संघसंस्थाले रक्तदान कार्यक्रम आयोजना गरेका थिए।

मंसिर ५ गते सशस्त्र प्रहरी बल, नेपाल मद्दति तथा सेवा गुल्म मकवानपुरले आयोजना गरेको रक्तदान कार्यक्रममा १५ जनाले रक्तदान गरेका थिए। यस्तै, ६ गते श्री सत्य साई केन्द्र हेटौंडाले आयोजना गरेको कार्यक्रममा ३२ जना, ९ गते रोट्रयाक्ट क्लब अफ मकवानपुरले आयोजना गरेको कार्यक्रममा २५ जनाले रक्तदान गरेको सापकोटाले बताउनुभयो।

मंसिर १४ गते कर्मचारी मिलन केन्द्र मकवानपुरले गरेको कार्यक्रममा २३ र राष्ट्रिय अपाङ्ग महासंघ मकवानपुरले आयोजना गरेको कार्यक्रममा २० जनाले रक्तदान गरेका थिए। यस्तै, १६ गते डिभाइन युथ क्लब मकवानपुरले गरेको रक्तदान कार्यक्रममा ४५ जना, २२ गते निर्माण व्यवसायी संघले गरेको कार्यक्रममा २२ जना, २८ गते हटिया बचत तथा ऋण सहकारी संस्था लिमिटेडले गरेको रक्तदान कार्यक्रममा २२ जना, २९ गते सानिमा बैंक हेटौंडा शाखाको आयोजनामा भएको कार्यक्रममा ३२ जना र ३० गते मानश्वर युवा क्लबको आयोजानमा भएको कार्यक्रममा २३ जनाले रक्तदान गरेको सापकोटाले बताउनुभयो।

रक्तसञ्चार केन्द्र हेटौंडाले मंसिर महिनामा १३ युनिट सेतो रगत बनाएको छ भने १ सय ७० युनिट रगत वितरण गरेको छ। 'अहिले रक्तदान कार्यक्रम भइरहेकाले रगतको अभाव रहेको छैन', प्राविधिक सापकोटाले बताउनुभयो। मंसिर महिनामा केन्द्रले मकवानपुर जिल्लामा मात्र रगत वितरण गर्नुपरेको सापकोटाले जानकारी दिनुभयो।

# नृत्य प्रतियोगितामा ११ नम्बर वडा प्रथम

समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगर पालिकाको १० नम्बर वडा कार्यालयले आयोजना गरेको नृत्य प्रतियोगितामा वडा नम्बर ११ प्रथम भएको छ। हेटौंडा-१०, बसपार्कमा सोमबारबाट आयोजना गरेको घरेलु प्रदर्शनीअन्तर्गत् मंगलबार नृत्य प्रतियोगिता भएको हो।

प्रतियोगितामा वडा नम्बर १० द्वितीय र वडा नम्बर १८ तृतीय भएका छन्। प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः ५० हजार, ३५ हजार र २० हजार रुपैयाँ पुरस्कार प्राप्त गरेका छन्। प्रतियोगितामा वडा नम्बर ८, २, १३ र ४ सान्त्वना हुन सफल भएको छ। सान्त्वना हुने ४ वटै वडाका सहभागीले ५ हजार रुपैयाँ प्राप्त गरेका छन्।

हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाको प्रमुख आतिथ्य तथा वडा नम्बर १० का वडा अध्यक्ष फुर्वा दोर्जे लामाको सभाध्यक्षतामा पुरस्कार वितरण कार्यक्रम भएको थियो। पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले प्रतियोगितामा सहभागी भएका सम्पूर्ण टिमलाई धन्यवाद व्यक्त गर्नुभयो। वडा अध्यक्ष लामाले विभिन्न संघसंस्थाबाट उपस्थित हुनेहरुलाई धन्यवाद व्यक्त गर्नुभयो।

नेपालमा लुकेको संस्कृतिलाई जगाउने उद्देश्यले प्रतियोगिताको आयोजना गरेको वडा अध्यक्ष लामाले बताउनुभयो। कार्यक्रममा गैरसरकारी संस्था महासंघ बागमती प्रदेशका अध्यक्ष आरती पाठक, विभिन्न वडाका वडा अध्यक्षहरुलगायतको उपस्थिति रहेको थियो। प्रतियोगितामा १९ वटा वडाबाट प्रतियोगीहरु सहभागी भएका थिए।

प्रदर्शनीमा ३५ वटा स्टल रहेको थियो। जडीबुटी व्यापारी राज बुढा क्षेत्रीले स्टलमा व्यापार ठिकै भएको बताउनुभयो। आर्थिक मन्दीको अवस्था भए पनि करिब १५ हजार रुपैयाँ लगानी गरेर व्यापार गरेको बताउनुभयो। उहाँले आयोजकको व्यवस्थापनमा कमी रहेको औंल्याउनुभयो।

# मोटरसाइकल दुर्घटना हुँदा २ जना घाइते

समाज संवाददाता

हेटौंडा: हेटौंडामा मोटरसाइकल दुर्घटना हुँदा २ जना घाइते भएका छन्। मंगलबार राति ८ बजेको समयमा पूर्व-पश्चिम सडकखण्डअन्तर्गत् हेटौडा-९, गुम्बाचोक नजिक मोटरसाइकल दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

रातोमाटेबाट हेटौंडातर्फ आउँदै गरेको ना ४५ प ४४७६ नम्बरको मोटरसाइकलले बाटो क्रस गर्दै गरेको पदैलयात्री ३५ वर्षीय पुरुषलाई ठक्कर दिएको थियो। मोटरसाइकलको ठक्करबाट पुरुषको हात, खुट्टा, कम्मरमा चोट लागेको र मोटरसाइकल चालक बाराको कोल्बी-११ बस्ने ५० वर्षीय नागेन्द्र चौधरी पनि घाइते भएका छन्।

घाइते दुबैलाई उपचारका लागि हेटौंडा अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ।

# बोलेरोले ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु

समाज संवाददाता

हेटौंडा: चितवन जिल्लाको भरतपुर महानगरपालिका-४, यज्ञपुरीचोकमा बोलेरो र मोटरसाइकल एक आपसमा ठोकिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा भरतपुर महानगर पालिका-१२ का ३० वर्षीय रामकृष्ण थापा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

सोमबार पिपलचोकबाट रामपुर जाँदै गरेको बा प्र ०६-००२ प २०७३ नम्बरको मोटरसाइकललाई बिपरित दिशाबाट आउँदै गरेको बा १९ च ३४६४ नम्बरको बोलेरो ठोकिँदा मोटरसाइकल चालक थापा र मोटरसाइकलको पछाडी सवार तँनहु जिल्ला सतिश्वारा गाउँपालिका-४ का ३५ वर्षीय राजेन्द्र बहादुर अधिकारी गम्भीर घाईते भएका थिए। घाइते दुवैलाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएकोमा उपचारको क्रममा मोटरसाइकल चालक थापाको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। बोलेरो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

# लागुऔषध ब्राउन सुगरसहित २ जना पक्राउ

समाज संवाददाता

हेटौंडा: मकवानपुर प्रहरीले हेटौंडा-१५ फारलाईनबाट लागुऔषध ब्राउन सुगरसहित २ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा हेटौंडा-८ कमानेका २७ वर्षीय विवेक वाईबा र भीमफेदी गाउँपालिका-२ का २९ वर्षीय सुरज मगर रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

विशेष सुचनाको आधारमा सोमबार साँझ ५ बजेर ३० मिनेटको समयमा प्रहरी टोलीले सुरक्षाजाँच गर्दा उनीहरुको साथबाट ब्राउन सुगर ३ ग्राम बरामद भएको प्रहरीले जानकारी दिएको छ। प्रहरीले वाईबा र मगरको साथमा रहेको ना ४५ प ५२१६ नम्बरको मोटरसाइकल नियन्त्रणमा लिई अनुसन्धानका गरिरहेको जनाएको छ।

# नेपाल जेसीजको महासचिवमा मकवानपुरका अधिकारी

समाज संवाददाता

हेटौंडा: नेपाल जेसीजको वर्ष २०२४ का लागि महासचिवमा मकवानपुरका सरोज अधिकारी मनोनित हुनुभएको छ। हालै बुटवलमा सम्पन्न ५० औं महाधिवेशनबाट वर्ष २०२४ का लागि निर्वाचित अध्यक्ष रविन पोखरेलले मकवानपुरका अधिकारीलाई महासचिवमा मनोनित गर्नुभएको हो। जेसीजमा अध्यक्षाको सहयात्रीको रुपमा महासचिवलाई लिइन्छ।

वर्ष २०२३ का उपाध्यक्ष समेत रहनुभएका अधिकारी मकवानपुरको बसामाडी जेसीजको वर्ष २०१९ का अध्यक्ष समेत हुनुहुन्छ। बसामाडी जेसीजबाट प्रतिनिधित्व गर्दै नेपाल जेसीजको महासचिव पदमा हासिल गर्ने अधिकारी पहिलो व्यक्ति हुनुहुन्छ। यसअघि बसामाडी जेसीजबाट शोभा श्रेष्ठ र हरि शर्मा उपाध्यक्ष निर्वाचित हुनुभएको थियो। नेपाल जेसीजको अध्यक्ष निर्वाचित रविन पोखरेल भने नुवाकोट जेसीज वर्ष २०१६ को अध्यक्ष तथा वर्ष २०१८ मा नेपाल जेसीजको उपाध्यक्ष हुनुहुन्थ्यो। पोखरेल वर्ष २०१९ मा कार्यकारिणी उपाध्यक्ष हुनुहुन्थ्यो। एक हजार तीन सय चार मत मध्ये पाँच सय १० मतसहित नेपाल जेसीजको अध्यक्षमा पोखरेल निर्वाचित हुँदै गर्दा उहाँका निकतम प्रतिद्वन्द्वी भक्तपुरकी रजनी थापाले चार सय २६ मत प्राप्त गर्नुभयो। जेसीजको कार्यकाल एक वर्षको मात्रै हुने व्यवस्था छ।

# अवैध प्याज र जुत्ता बरामद

समाज संवाददाता

हेटौंडा: प्रहरी कार्यालय अमलेखगञ्ज र प्रहरी चौकी पथलैया बाराबाट खटिएको प्रहरी टोलीले बस र मारुती भ्यानबाट ३ लाख ३५ हजार रुपैयाँ बराबरको अवैध प्याज र जुत्ता बरामद गरेको छ। सोमबार जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको विशेष प्रहरी टोलीले बाराको जितपुर सिमरा उपमहानगरपालिका-२१, अमलेखगञ्जबाट बा १७ च ७७८० नम्बरको मारुती भ्यान र उपमहानगरपालिका-१, पथलैया चोकबाट प्र १-०१-००१ ख ३५७८ नम्बरको यात्रुबाहक बसबाट अवैध जुत्ता र प्याज बरामद गरेको जिल्ला प्रहरी कार्यालय बारा प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायव उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिनुभयो।

प्रहरीले मारुती भ्यानबाट २ लाख ८० हजार रुपैयाँ बराबरको विभिन्न किसिमको जुत्ता २ सय ४३ जोर र यात्रुबाहक बसबाट ५५ हजार रुपैयाँ बराबरको प्याज १० क्वीन्टल नियन्त्रणमा लिएको थियो। समानहरु नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको बताइएको छ। मारुती भ्यानलाई नियन्त्रणमा लिई बसलाई गन्तव्यतर्फ पठाएको प्रवक्ता न्यौपानेले जानकारी दिनुभयो।

# विद्यार्थीलाई झोला वितरण

समाज संवाददाता

हेटौंडा: स्वर्गीय आशिष ढकालको सम्झनामा हेटौंडा-१८ हर्नामाडीमा रहेको गोरक्षनाथ माविमा ५५ जना विद्यार्थीलाई झोला वितरण गरिएको छ। आइतबार ढकालको परिवारले कक्षा १ र २ मा अध्ययन गर्ने ५५ जना विद्यार्थीहरुलाई झोला दिएको विद्यालयको प्रधानाध्यापक मिना श्रेष्ठले जानकारी दिनुभयो।

झोला वितरण कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शैलेन्द्र बानियाँसहित शिक्षक, विभिन्न संघ, संस्थाका प्रतिनिधि र अभिभावकको उपस्थिति रहेको थियो। विद्यालयमा ३ सय ४० जना विद्यार्थीहरु रहेका छन्। स्वर्गीय ढकाल गोरक्षनाथ माविका पूर्वविद्यार्थी समेत रहेका र उनको गत वर्ष सवारी दुर्घटनामा परि २४ वर्षको उमेरमा मृत्यु भएको प्रधानाध्यापक श्रेष्ठले जानकारी दिनुभयो।

ब्याग वितरण कार्यक्रममा विद्यालयमा ढकाल परिवारबाट हजुर आमासहितको सदस्यहरुको उपस्थिति रहेको थियो।

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

जाडोबाट बच्न निम्न उपायहरू अवलम्बन गरौं

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौ,
- न्यायो कपडा लगाऔं,
- घाम वा आगो तापौं
- तेल मालिस गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं।
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ